चालकबाटै दुर्घटना न्यूनीकरण थालौं : मन्त्री चौधरी

बुटवल, २१ फागुन (दैपस)- नेपाल यातायता स्वतन्त्र मजदुर संगठन प्रदेश समितिको आयोजनामा दुर्घटना न्यूनीकरण अभियानको विषयमा अन्तरक्रिया कार्यक्रम गरिएको छ। कमिटीका केन्द्रीय उपाध्यक्ष ध्यान बहादुर राईको अध्यक्ष, प्रदेश नम्बर ५ का भौतिक पूर्वाधार विकास मन्त्री बैजनाथ चौधरीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो। प्रदेश नम्बर ५ का अध्यक्ष कृष्ण कण्डेलले सञ्चालन गरेको कार्यक्रममा केन्द्रीय सदस्य तथा प्रेदश सह ईन्चार्ज ठाकुर गैरेले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि मन्त्री चौधरीले दुर्घटना न्यूनीकरणमा आधाभन्दा बढी दायित्व चालकको भएको भन्दै चालकहरूबाट सुधारको अभियान चलाउनुपर्ने बताए।

कार्यक्रममा पश्चिम नेपाल बस व्यवसायी संघका अध्यक्ष दधिराम खरेल, प्याब्सन नेपालका केन्द्रीय सल्लाहकार लोकनाथ उपाध्याय, सुरक्षित यात्रा नेपालका अध्यक्ष कृष्ण बेल्बासे, सिद्धार्थनगर नगरपालिका उपप्रमुख उमादेवी काफ्ले, सिद्धार्थ यातायात प्रालिका अध्यक्ष सूर्यबहादुर सारु, रूपन्देही व्यापार संघका अध्यक्ष पदम श्रेष्ठ, यातायात मजदुर भलाई कोषका अध्यक्ष दिनेश फुल्लेल, प्रदेश नम्बर ५ ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षक गंगा बहादुर सारुलगायतले आआफ्नो भनाइ राखेका थिए।

वादी समुदायद्वारा अदालतको आदेशको स्वागत

काठमाडौं, २१ फागुन (रासस): 'नथिया' र 'ऐलानी' (उपन्यास) तथा 'पण्डित बाजेको लौरी' (चलचित्र) बारे सर्वोच्च अदालतबाट भएको निर्देशनात्मक आदेशको वादी समुदायले स्वागत गरेको छ।

राष्ट्रिय वादी परिषद्ले मंगलबार पत्रकार सम्मेलन गरी गत भदौ १८ गते वादी समुदायका अगुवाले संयुक्त रूपमा दायर गरेको मुद्दाबारे अदालतले यही फागुन १५ गते विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सम्बन्धित लेखक र निर्देशकका नाममा निर्देशनात्मक आदेश जारी गरेको जनाएको छ।

ती उपन्यास र चलचित्रले वादी समुदायको अस्मिता र आत्मसम्मानमा असर पर्न गएको र मानवाधिकारको घोर उल्लङ्घन भएको ठहर गर्दै वादी समुदायका अगुवा केशव वादी, निर्मल वादी, गोपाल नेपाली वादीलगायतले संयुक्त रूपमा मुद्दा दर्ता गर्नुभएको थियो।

पत्रकार सम्मेलनमा वादी अधिकारकर्मी केशव वादीले उपन्यासमा सर्वोच्च अदालतले नै प्रयोग नगर्नू भनेको वादी, भाड, पातर, वदेनीजस्तो वादी समुदायलाई होच्याउने शब्द प्रयोग भएका कारण पनि न्यायका लागि अदालत जानुपरेको प्रष्ट पार्नुभयो।

अधिकारकर्मी गोपाल वादीले चलचित्रमा 'यौन पेशा वादी समुदायको प्रथा हो' भनिएको छ जुन सरासर गलत छ भन्नुभयो। "यस आदेशले वादी समुदायको आत्मसमान कायम भएको र भविष्यमा त्यस्ता किसिमका जातीय विभेद, लाञ्छानालाई निषेध गरेको छ, मानव अधिकारको प्रत्याभूति हुनेगरी अदातलबाट भएको आदेशलाई सम्पूर्ण वादी समुदाय हार्दिक स्वागत गर्दै सर्वोच्च अदालतप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछ", परिषद्द्वारा जारी विज्ञप्तिमा भनिएको छ।

लेखिका सरस्वती प्रतीक्षाद्वारा लिखित 'नथिया', थमनकुमार भण्डारीद्वारा निर्माण तथा दीपक वलीद्वारा निर्देशन गरिएको 'पण्डित बाजेको लौरी' र विवेक ओझाद्वारा लिखित र 'ऐलानी' लाई सम्पूर्ण वादी समुदायले संशोधन तथा सम्पादन गर्नुपर्ने माग गर्दै बहिष्कार गर्दै आएका छन्।

प्रदेश स्तरीय भलिबल प्रतियोगिता शुरु

बुटवल, २१ फागुन (दैपस)- छैठौं मणिमुकुन्द कप ५ नम्बर प्रदेश स्तरीय पुरुष भलिबल प्रतियोगिता मंगलबारादेखि बुटवलमा शुरु भएको छ। मणिमुकुन्द भलिबल क्लब रूपन्देहीले आयोजना गरेको प्रतियोगिताको तिलोत्तमा नगरपालिकाका मेयर बासुदेव घिमिरेले उद्घाटन गरे।

प्रदेश ५ का ६ जिल्लाको सहभागिता रहेको प्रतियोगिताको मंगलबार सम्पन्न उद्घाटन खेलमा जिल्ला भलिबल संघ रूपन्देही बिजयी भएको छ।

रूपन्देहीले जिल्ला भलिबल संघ बाँकेलाई २५– ११, २५–२२ र २५–१७ को सोझो सेटका पराजित गर्दै प्रतियोगितामा आफ्नो यात्रा जारी राखेको छ।

प्रतियोगिताको दोस्रो दिन बुधबारको पहिलो खेलमा जिल्ला भलिबल संघ अर्घाखाँचीले जिल्ला भलिबल संघ गुल्मीको सामना गर्नेछ भने दोस्रो खेलमा जिल्ला भलिबल संघ बाँकेले जिल्ला भलिबल संघ नवलपरासिको सामना गर्ने प्रतियोगिताका संयोजक तथा मणिमुकुन्द भलिबल क्लबका संरक्षक सुरेन्द्र गुरुङ्गले जानकारी दिए।

फागुन २४ गतेसम्म संचालन हुने प्रतियोगिताको प्रथम हुने टिमले नगद १ लाख १ हजार, द्धितीय हुनेले टिमले ७७ हजार, तृतीय हुनेले नगद ४४ हजार प्राप्त गर्नेछन् भने सान्त्वना हुने टिमले नगद २२ हजार पुरस्कार प्राप्त गर्नेछन्। नगद पुरस्कारको साथमा आकर्षक कप, मेडल र प्रमाणपत्र पनि प्रदान गरिने क्लवका अध्यक्ष मिलन रानाले पत्रकार सम्मेलनमा जानकारी दिए। त्यस्तै अन्य विभिन्न बिधामा उत्कृष्ट हुने खेलाडीहरूलाई पनि आकर्षक पुरस्कारको व्यावस्था गरिएको क्लबले जनाएको छ।

मणिमुकुन्द भलिबल क्लबका अध्यक्ष मिलन रानको अध्यक्षता, तिलोत्तमा नगरपालिकाका मेयर बासुदेव घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न उद्घाटन कार्यक्रम संयोजक तथा क्लबका संरक्षक सुरेन्द्र गुरुङको स्वागत र सचीव मेघराज भट्टराईको संचालनमा सम्पन्न भएको क्लबका बरिष्ठ उपाध्यक्ष लोकेन्द्र भण्डारीले जानकारी दिए।

प्रदेश...

रूपन्देही जिल्ला खेलकुद समितिको समन्वयमा मंगलबारबाट सुरु भएको प्रतियोगिता भैरहवा कभर्डहलमा आयोजना भएको छ।

मंगलबार सम्पन्न पुरुष एकलतर्फका खेलमा बाँकेका इरफान अन्सारी, रियाज अन्सारी, सफल थापा, शिव थापा, विलाल वारिस, सहरोज अन्सारी, रूपन्देहीका जीवन थापा, विनोद पौडेल, विश्वास नेपाल र गणेश रायमाझी, दाङका सफिक ईद्रिस, सुरज गुप्ता, बर्दियाका खिमबहादुर घले, कपिलवस्तुका उज्ज्वल श्रेष्ठ, अर्घाखाँचीका भेषराज आचार्य, प्यूठानका कमल थापा प्रि-क्वाटर फाइनलमा प्रवेश गरेका छन्। त्यसैगरी महिला एकलतर्फ सुष्मा श्रेष्ठ बर्दिया, अमृता थारु र तृष्णा खत्री कपिलवस्तुका खेलाडी क्वालिफाइङ्ग राउन्डमा विजयी हुँदै पहिलो चरणमा प्रवेश गरेको प्रतियोगिताका रेफ्री उदय अर्यालले बताए। प्रतियोगितामा प्रदेश नम्बर ५ का १२ जिल्लाका ४८ पुरुष र २२ महिला खेलाडीले सहभागिता जनाएका छन्। प्रतियोगितामा पुरुष एकलतर्फ ५३ र महिला एकल तर्फ २७ खेलहरू हुनेछन्। आठौं राष्ट्रिय खेलमा प्रदेश नम्बर ५ बाट ब्याटमिन्टनमा पुरुष र महिला एकलतर्फ क्रमशः ७ र ५ गरी १२ खेलाडीले सहभागिता जनाउने रूपन्देही जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख संगम सिंह थापाले बताए।

यसअघि प्रतियोगिताको उद्घाटन रूपन्देही जिल्ला समन्वय समितिका संयोजक एकराज विश्वकर्माले गरेका थिए।

प्रदेश क्रिकेट छनोट: रूपन्देही र बाँके विजयी

भैरहवा, २१ फागुन (दैपस)- रूपन्देहीको भैरहवास्थित सिद्धार्थ रंगशालामा जारी प्रदेशस्तरी टी-२० क्रिकेट छनोट प्रतियोगितामा मंगलबार भएको खेलमा रूपन्देही र बाँके जिल्ला विजयी भएका छन्। रूपन्देहीले रोल्पालाई १४३ रनको फराकिलो अन्तरले पराजित गऱ्यो। यस्तै, बाँकेले अर्घाखाँचीलाई ८२ रनले पराजित गऱ्यो।

पहिलो खेलमा टस जितेर पहिला ब्याटिङ गरेको रूपन्देहीले निर्धारित खेलमा ५ विकेटको क्षतिमा १८६ रनको उच्च स्कोर बनायो। जसमा निश्चल चौधरीले नटआउट ४७, संदीप सुनारले ४४, मिर्नाल गुरुङले २६, कृष्ण कार्कीले नटआउट २१ रनको योगदान गरे। बलिङमा रोल्पाका सलिम सेनले ३, सुरज रोक्का र दीपक विष्टले १/१ विकेट लिए। प्रतिउत्तरमा उच्च लक्ष्य पछ्याएको रोल्पाले ८ विकेटको क्षतिमा जम्मा ४३ रन मात्रै बनाउन सक्यो। जसमा सरोज बस्नेतले १२ र मनिष विष्टले नटआउट ११ रन बनाउन बाहेक अन्य कुनै ब्याट्सम्यानले दोहोरो रन जोड्न सकेनन्। बलिङमा रूपन्देहीका कृष्ण कार्की, सन्दीप सुनार र शौरभ खनालले २/२ विकेट लिए। यस्तै, अजय लोनिया र विक्रम भुसालले १/१ विकेट लिए। सन्दीप खेलमा म्यान अफ दी म्याच घोषित भए।

दोस्रो खेलमा टस हारेर ब्याटिङ गरेको बाँकेले ५ विकेट क्षतिमा १४३ रन बनायो। उसका लागि अनुपम सिंहले ३०, सुनिल भण्डारीले २९ र सिद्धान्तराज शाहीले २२ रन बनाए। बलिङमा अर्घाखाँचीका देवराज खनाल र जगतबहादुर क्षेत्रीले २/२ विकेट लिए। प्रतिउत्तरमा अर्घाखाँचीले १६.५ ओभरमा सबै विकेट गुमाएर ६२ रन मात्रै बनायो। उसका लागि अरविन सारुमगरले १९ र देवराज खनालले १४ रनबाहेक अरू ब्याट्सम्यानले दोहोरो अंक बटुल्न सकेनन्। उसलाई सस्तैमा समेट्न बलिङमा खेलका म्यान अफ दी म्याच समेत रहेका बाँकेका आकाश विष्टले ५ विकेट लिए।

यस्तै, रोशनकुमार शाही, सिद्धान्तराज र दीपेन्द्र रावलले १/१ विकेट लिए। बुधबार रूपन्देही र गुल्मी तथा कपिलवस्तु र दाङ जिल्लाबीच हुनेछ। राष्ट्रिय खेलकुद परिषद्को आयोजनामा पाँच नम्बर प्रदेशबाट आठौं राष्ट्रिय खेलकुदमा सहभागी हुने क्रिकेट खेलाडी छनोट गर्न अन्तरजिल्लाबीच खेल भइरहेको छ। यहाँबाट उत्कृष्ट १४ खेलाडी बनोट गरी प्रदेशको एउटा टिम बनाई चैतमा हुने आठौंमा सहभागी गराइनेछ।

लुम्बिनी साँस्कृतिक नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रूपन्देही

५ नं. प्रदेश, नेपाल

आ.व. २०७५/०७६ को ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन गरी बिक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७५/११/२२

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस लुम्बिनी साँस्कतिक नगर कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७५/०७६ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरूले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि नगर कार्यपालिकाको सूचना पाटी, वेभसाईट lumbinisanskritikmun.gov.np तथा कार्यालय समय भित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

आय ठेक्का नं.	नदी/खोलाहरूको विवरण	नगरपालिकाको प्रारम्भिक वातावरणीय प्रतिवेदन, २०७५ अनुसारको उत्खनन गर्ने घाटको विवरण	उत्खनन गर्न सकिने परिमाण (घन फिट)	न्युनतम अंक (मु.अ.क. तथा अन्य कर वाहेक)	बोलपत्र फारम दस्तुर रु.	कै.
१५/LCM/०७५/०७६	दानव नदी	लम्तिहवा घाट	१४६७७२७.४२	८८०६३६४.५२	३०००.०	पछि फिर्ता नहुने

शर्तहरू :

१. ठेक्का अवधि २०७५ सालको सम्झौता मिति देखि २०७६ जेष्ठ मसान्त सम्म हुने छ।
२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय, लुम्बिनी, रूपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्रहरू २०७५/१२/०७ गतेका दिन अपरान्ह १२:०० बजे भित्र लुम्बिनी साँस्कृतिक नगरपालिका कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता भएका बोलपत्रहरू सोही दिनको १२:०० बजे खोलिने छ।
३. वोलपत्र दाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ। यस कार्यालयको वेभसाईटबाट समेत बोलपत्र फारम डाउनलोड गर्न सकिने छ। यसरी वेभसाइटबाट डाउनलोड गरिएका बोलपत्र दाखिला गर्दा यस सूचना बमोजिम लाग्ने दस्तुर बुझाउनु पर्ने छ।
४. बोलपत्र खरिद कर्ताले बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, मु.अ.क. दर्ताको प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नु पर्ने छ।
५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापतको कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्ने छ। धरौटीवापत यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालयको नाममा रहेको कृषि बिकास बैंक लि. लुम्बिनी शाखाको ग-३, -४१४९०११४५७३३०१३ धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने विडवण्डको सक्कल प्रति पेश गरेको हुनु पर्ने छ।
६. बोलपत्र स्वीकृत भएपश्चात कबोल गरेको रकम र सो मा लाग्ने कर दाखिला गरी कार्य सम्झौताको लागि सम्पर्क राख्नु पर्ने छ।
७. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुरवापतको रकम रु.३०००।०० (फिर्ता नहुने) लुम्बिनी साँस्कृतिक नगर पालिकाको कार्यालयको नाममा रहेको कृषि बिकास बैंक लि. लुम्बिनी शाखाको ग-४-१,०४१४९०११४५७६२०३१ मुल संचितकोष खातामा दाखिला गरेको भौचर वा कार्यालको राजश्व शाखामा दाखिला गरेको रसिद पेश गर्नु पर्ने छ।
८. बोलपत्र खरिद कर्ताले आफुले कबोल गरेको अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ। दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैन।
९. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुने छ।
१०. सूचना प्रकाशन भएको ८ औं दिनमा पुर्व बोलपत्र बैठक (Pre- Bid Meeting) बस्ने छ।
११. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन आदि लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ। साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन।
१२. बोलपत्रदाता नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाको कार्यालयले समय-समयमा दिइएको निर्देशनको पालन गर्नु पर्नेछ। साथै कार्यालय तथा बोलपत्रदाता बीच कुनै विवाद उत्पन्न भएमा यस कार्यालयले गरेको निर्णय अन्तिम हुने छ।
१३. बुदा नं. ६ बमोजिम एकमुष्ठ रकम बुझाउन नसकिने भनि बोलपत्रदाता व्यवसायीले निवेदन पेश गरी कुल कबोल अंक मध्ये ५० प्रतिशत रकम र कर वापतको बुझाउनु पर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधि १ महिना थप अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकको जमानत (परफमेन्स बण्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरी चलन पुर्जी दिइने छ।
१४. प्रचलित नियमानुसार कालो सूचिमा परेका, नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरूको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।
१५. लुम्बिनी साँस्कृतिक नगरपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरू ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरू यस कार्यालयबाट प्रमाणित गराएर मात्र प्रयोग गर्नु पर्ने छ। कार्यालयबाट अनुगमन गर्दा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिने छ।
१६. बोलपत्रदाताले ठेक्का सम्झौता पछि नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै कारण देखाई घाटा भएको भनि मिनाहा वा छुटको दावा गर्न पाईने छैन।
१७. राष्ट्रिय राजमार्ग, सहायक राजमार्ग खेती योग्य जमिनमा ढाट तगारो राखी प्राकृतिक श्रोत कर संकलन गर्न पाईने छैन। साथै संकलन पश्चात आवश्यकता अनुसार ग्याबिन, जाली लगाई दिनु पर्ने छ।
१८. खोला र नदिको घाटगद्दी स्थलहरूमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साइनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरूले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्ने छ। संकलनको काम गर्न कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्ने छ।
१९. नगरपालिकाबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ (IEE) मा घाटगद्दी स्थल नतोकिएको स्थलबाट कसैले पनि नदिजन्य पदार्थ संकलन उत्खनन गर्न पाइने छैन यसरी घाटगद्दी नतोकिएको स्थलबाट संकलनरउत्खनन गरेको पाईएमा नगरपालिकाबाट तोकिएको जरिवाना गरिनुको साथै नदिजन्य पदार्थ र ढुवानी साधन समेत जफत गर्न सकिने छ।
२०. ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी उत्खनन गर्दा प्रचलित ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी उत्खनन, संकलन,क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधिको पालना गर्नु पर्ने छ।
२१. नदीको किनारबाट भुक्षय हुने गरी डिल भिर भित्तो खनी खोस्रो गरी ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी आदि निकाल्न पाईने छैन।
२२. भिजेको नदिजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ। साथै ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्ने छ।
२३. ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको व्यवस्थापन गर्नु पर्नेछ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्ने छ।
२४. ठेकेदारले कामदारका लागि प्राथमिक उपचारका साथै माक्स, हेल्मेट आदिको व्यवस्था मिलाउनु पर्ने छ।
२५. ठेकेदारले प्रत्येक महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ। साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएको अर्धकट्टी नगदि रसिद पनि फिर्ता गर्नु पर्ने छ।
२६. ठेकेदारले नदीजन्य पदार्थ संकलन उत्खनन हुने घाटगद्दी स्थल सम्बन्धी खर्चहरू स्वंयम आफैले व्यहोर्नु पर्ने छ ।
२७. विहान सूर्योदय भन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीको साधनहरूले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन। यसरी नियम विपरित गएका ढुवानी साधनहरूलाई कानुन बमोजिम कारवाही गरिने छ।
२८. नदिजन्य पदार्थ संकलन गर्ने जिम्मेवारी हस्तान्तरण गर्न अगाडी जुन नदि/खोलाको जुन स्थानबाट संकलन गर्ने गरी स्वीकृत भएको हो सोही नदि/खोलाहरूको सोही स्थान प्राविधिकबाट एकिन गराई तोकिएको परिमाण भन्दा बढी नदिजन्य पदार्थ निकासी हुन नपाउने व्यवस्था गर्नुपर्ने छ।
२९. तोकिएको स्थानको लम्बाई र उचाई खुल्ने रेफरेन्स प्वाइन्टको चिनो लगाएको मुचुल्का तयार गरेपछि कार्य सुरु हुने छ।
३०. भारी उपकरण मेशिन प्रयोग गरेर उत्खनन गर्न पाइने छैन। मानव संशाधनको प्रयोग गरी उत्खनन गर्नु पर्नेछ।भारी उपकरण प्रयोग नगरी नहुने अवस्था भएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनले उल्लेख गरेको प्राविधिक बोर्डले गरेको निर्णय अनुसार गर्नु पर्ने छ।
३१. यस सुचनामा उल्लेख भएका शर्तहरू लगायत यस नगरपालिकाको निर्णयानुसार दिइने सुझाव यस ठेक्का प्रयोजनका लागि अभिन्न अंगको रूपमा मानिने छ।
३२. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ (IEE) का प्रावधानहरूको व्यवस्था गर्ने अधिकार लुम्बिनी साँस्कृतिक नगरपालिकामा सुरक्षित रहने छ।
३३. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएकोहकमा प्रचलित ऐन, नियम, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५ बमोजिम हुने छ।
३४. यस ठेक्कामा सहभागी हुन चाहने इच्छुक फर्म/संस्थाले यस गाउँपालिकाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन २०७५, ५ नं. प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐन २०७५, ढुङ्गा, वालुवा, ग्रावेल, गिट्टी उत्खनन, संकलन, क्रसिङ र बिक्री वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधि, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ लगायत अन्य सम्बन्धि कागजातहरू राम्रो सँग अध्यनन गर्नु हुन अनुरोध छ।
३५. ५ नं. प्रदेश सरकारले स्वीकृत गरेको नदिजन्य पदार्थ कार्यविधि २०७५ मा भएको व्यवस्था पालना गर्नु पर्ने छ ।
३६. नदिजन्य पदार्थ ठेक्का लिने व्यवसायीले लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्र भित्रका व्यक्ति, आयोजनाहरूका साथै राष्ट्रिय गौरवका आयोजनाहरूलाई पहिलो प्रथमिकतामा राखी बेचबिखन गर्नु पर्ने छ ।
३७. अन्य कुराहरू नगरपालिकाबाट दुवै पक्षको आपसी समझदारीमा तय गरिने छ।

प्रमुख प्रशासकीय अधिकृत